जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २४७ | २०८२ साल चैत्र १९ गते, बिहीबार | Thursday, Arp.– 02 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## रानिवास पार्क निर्माणमा अनियमितता: गढइया ईँटको सोलिङमाथि ढलान, स्थानीय सरोकारवालाहरूले कडा अनुगमन र कारबाहीको माग गरे







***संवाहक सम्वादाता-१८चैत्र, कलैया***

सिम्रौनगढ नगरपालिका अन्तर्गत रानीवास मन्दिरको फूल बगैंचाभित्र भइरहेको सार्वजनिक पार्क निर्माणमा अनियमितता र गुणस्तरहीन कार्य भएको आरोप उठेको छ। स्थानीय बासिन्दा र सरोकारवालाहरूले ठेकेदार र जनप्रतिनिधिहरूको व्यक्तिगत स्वार्थअनुसार कार्य अघि बढिरहेको, पुराना ऐतिहासिक गढैया ईंटा नष्ट गर्दै सस्तो, गुणस्तरहीन सामग्री जस्तै धुलो, माटो र झारपात मिसाइ सोलिङ गर्ने काम भएको बताएका छन्। नगरपालिकाका इन्जिनियरको हस्तक्षेपपछि निर्माण कार्य अस्थायी रूपमा रोकिएको र हाल गुणस्तरीय ईंटा, बालुवा र सिमेन्ट प्रयोग गर्दै काम अघि बढाइरहेको जनाइएको छ। तर स्थानीय सरोकारवालाहरूले गुणस्तरीय निर्माण र सार्वजनिक सम्पत्ति संरक्षण अझै सुनिश्चित नभएकोमा चिन्ता व्यक्त गरेका छन्। सिम्रौनगढमा कर्मचारीतन्त्रमा व्यापक लापरवाहीको पनि आरोप लगाइएको छ। अधिकांश कर्मचारी घरमै बसेर तलब लिँदै आएका र शिक्षा, स्वास्थ्य जस्ता संवेदनशील सेवा क्षेत्रमा सुस्त सेवा दिँदा सेवा प्रणाली धराशायी बन्दै गएको स्थानीय स्रोतले बताएका छन्। नागरिक सेवा अनुगमन नगर्नु, निरीक्षण नगर्नु र गुणस्तरीय निर्माणमा ध्यान नदिनु नगर प्रमुखको नेतृत्वमा कमजोरी भएको स्पष्ट संकेत ठहरिएको छ।

स्थानीयहरूले यस प्रकारको लापरवाही र अनियमितताले सार्वजनिक सम्पत्ति दुरुपयोग मात्र नभई विकास कार्य र सेवा प्रवाहमा दीर्घकालीन असर पार्ने भन्दै सम्बन्धित निकायसँग कडा अनुगमन, कारबाही र नियम-कानुनको पालन सुनिश्चित गर्न माग गरेका छन्। त्यस्तै, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा विशेष ध्यान दिन, निर्माण मापदण्ड र गुणस्तर सुनिश्चित गर्न सरकारको सक्रिय हस्तक्षेप आवश्यक रहेको बताएका छन्।

सरकार र नगरपालिका दुवै निकायले ध्यान नदिए पुनः यस्ता अनियमितता दोहोरिन सक्ने भएकाले स्थानीय सरोकारवालाहरूले तुरुन्तै स्पष्ट नियम-कानुनअनुसार कारबाही र गुणस्तरीय अनुगमनको पहल गर्न जोड दिएका छन्।

## आजदेखि एसईई परीक्षा सुरु, उत्तरपुस्तिका केन्द्रमै ३ दिनभित्र परीक्षण गरिने

***संवाहक सम्वादाता-१८चैत्र, कलैया***

राष्ट्रिय परीक्षा बोर्ड ले आजदेखि माध्यमिक शिक्षा परीक्षा (एसईई) देशभर एकैसाथ सुरु भएको जनाएको छ। परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन भइरहेको छ।

यस वर्ष देशभर १ हजार ९६६ परीक्षा केन्द्रबाट परीक्षा सञ्चालन भइरहेको छ भने विदेशमा अध्ययनरत नेपाली विद्यार्थीका लागि जापानमा समेत एक केन्द्र तोकिएको छ। परीक्षामा कुल ५ लाख १२ हजार ४ सय २१ विद्यार्थी सहभागी भएका छन्, जसमध्ये २ लाख ५७ हजार ६ सय १३ छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य रहेका छन्। जापानस्थित एभरेस्ट स्कुलबाट २३ जना विद्यार्थीले परीक्षा दिइरहेका छन्।

आज पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन भइरहेको छ भने निर्धारित तालिकाअनुसार अन्य विषयका परीक्षा क्रमशः सञ्चालन हुनेछन्।






यसैबीच, बोर्डले यस वर्षदेखि उत्तरपुस्तिका परीक्षण प्रणालीमा परिवर्तन गर्दै परीक्षा केन्द्रमै जाँच गर्ने व्यवस्था लागू गरेको छ। शिक्षा सचिव तथा बोर्डका उपाध्यक्ष चुणामणि पौडेल का अनुसार परीक्षा सकिएको सम्बन्धित विषयको उत्तरपुस्तिका तीन दिनभित्रै केन्द्रमै परीक्षण गरिनेछ। केन्द्रमा सम्भव नभए सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाईमा लगेर जाँच गरिने व्यवस्था गरिएको छ।

उत्तरपुस्तिका परीक्षण सकिएपछि प्राप्ताङ्क बोर्डमा पठाइनेछ र इन्ट्री तथा रुजु प्रक्रिया पूरा गरी नतिजा सार्वजनिक गरिनेछ। नयाँ

बाँकी तेस्रो पृष्ठमा

## रक्सौल-काठमाडौँ ब्रोडगेज रेल: यात्रा छोटो, सुविधा धेरै

***संवाहक सम्वादाता-१८चैत्र, कलैया***

रुनेपालको राजधानी काठमाडौँ र भारतको वीरगञ्ज नजिकैको रक्सौल सहरलाई जोड्ने १३६ किलोमिटर लामो ब्रोडगेज रेल परियोजनाको विस्तृत परियोजना रिपोर्ट (डीपीआर) तयार भएको छ। अहिले यो परियोजना नेपाल सरकारको स्वीकृतिको प्रतीक्षामा छ। परियोजना पूर्ण भएपछि रक्सौलदेखि काठमाडौँसम्मको यात्रा अहिलेको ६-९ घण्टाबाट मात्र २-२.५ घण्टामा झर्ने अपेक्षा गरिएको छ। यात्रुहरूको लागि भाडा पनि निकै किफायती हुने देखिन्छरु-रुहालको बस भाडा करिब एक हजार रुपैयाँसम्म भए पनि, रेलको भाडा दुई सयदेखि तीन सय रुपैयाँबीचमा मात्र रहने अनुमान छ। यसले सीमा पार गर्ने साधारण नागरिकका लागि यात्रा धेरै सजिलो बनाउनेछ।




निर्माण कार्य इन्जिनियरिङ दृष्टिले चुनौतीपूर्ण छ। पहाडी भू-भागबाट गुज्रने भएकाले ३९ वटा सुरुङ, ४१ ठूला पुल, २५९ साना पुल, ३२ रोड ओभरब्रिज र ५३ अन्डरपास निर्माण गर्नुपर्ने छ। रेल मार्गमा कुल

बाँकी तेस्रो पृष्ठमा

## मधेश प्रदेशका सांसदहरूले प्रधानमन्त्री बालेनसँग प्रत्यक्ष छलफल

***काठमाडौँ –१८ चैत्र,***

प्रतिनिधिसभाका सांसदहरूले आफ्नो निर्वाचन क्षेत्रसँग सम्बन्धित समस्याहरू तत्कालै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा जानकारी गराउन सक्ने व्यवस्था गर्न लागिएको छ। बुधबार सिंहदरबारमा मधेश प्रदेशका सांसदहरूसँग प्रधानमन्त्री बालेन्द्र शाहको छलफल यही उद्देश्यका लागि भएको थियो।

प्रधानमन्त्री शाहले सांसदहरूसँगको संवादमा जानकारी दिएका अनुसार, अब सांसदहरूले आफ्नो प्रदेशको ह्वाट्सएप समूहमार्फत निर्वाचन क्षेत्रका समस्या सरकारलाई तत्काल पठाउन सक्ने सुविधा मिलाइनेछ। रास्वपा सांसद मनिष झाले जानकारी दिए अनुसार, यस्तो व्यवस्था लागू भएपछि निर्वाचन क्षेत्रमा देखिएका समस्याहरू तत्काल सरकारले बुझ्ने र आवश्यक पहल गर्न सक्नेछ।



छलफलका क्रममा सांसदहरूले आफ्नो क्षेत्रको तत्कालिन र दीर्घकालीन समस्या पनि प्रधानमन्त्रीलाई प्रस्तुत गरेका छन्। सांसद झाले भने, 'मैले रेडक्रसका समितिहरू भ्रष्टाचारको अखडा बनेको देखेकोले सबै समिति विघटन गरी छानविनको दायरामा ल्याउन आग्रह गरेको छु।' उनले नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्नसमेत सरकारसँग पहल गर्न आग्रह गरेका छन्।

प्रधानमन्त्री शाहले सांसदहरूसँग प्रदेश-प्रदेश समूह बनाएर नियमित छलफल जारी राख्ने बताएका छन्। यसरी सांसदहरूले निर्वाचन क्षेत्रका समस्याहरू प्रत्यक्ष जानकारी गराएपछि ती समस्याको समाधानमा तिब्रता आउन सक्ने विश्वास गरिएको छ।

विश्लेषकहरूले भने, यस्तो प्रत्यक्ष संवाद र टेक्नोलोजीमार्फत समस्या संकलनले स्थानीय प्रशासन र नीति निर्माणमा पारदर्शिता बढाउने र समस्याहरू तत्काल समाधान हुने मार्ग प्रशस्त गर्ने अनुमान गरेका छन्।

## पर्सा मालपोत कार्यालयका ४ पूर्व अधिकृतसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता

***संवाहक सम्वादाता-१८चैत्र, कलैया***

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पर्सा मालपोत कार्यालयका तत्कालीन ४ अधिकृतसहित ८ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दर्ता गरेको छ। आयोगले आर्थिक वर्ष २०७०/७१ मा राजस्व चुहावट गर ी करोडौं रुपैयाँ हिनामिनाको उजुर ीको आधारमा विशेष अदालतमा आरोपपत्र पेश गरेको हो।

अनुसन्धानले देखाएको छ कि तत्कालीन मालपोत कार्यालयको र जिष्ट्रेशन फाँट "ग" मा एउटै र जिष्ट्रेशन नम्बर राखेर एकभन्दा बढी लिखत पारित गरिएको थियो। उच्च रकम भएका लिखतहरू लेखा फाँटमा नबुझाई कम रकम भएका लिखत मात्र दाखिला गरिएको थियो।




यसबाट कुल २ करोड ९३ लाख ६८ हजार ५६५ रुपैयाँ राजस्व हिनामिना भएको पुष्टि भएको छ। अभियुक्तमा तत्कालीन मालपोत अधिकृत हरिनारायण मिश्र, भूप बहादुर बोगटी, पदम प्रसाद अर्याल, सुरेन्द्र प्रसाद राव कुर्मी र तत्कालीन नायव सुब्बा स्व किरण प्रसाद उपाध्यायका छोराहरु राजकिशोर, गौतम, पशुपति र मुरारीप्रसाद उपाध्याय रहेका छन्। उपाध्यायको मृत्यु भइसकेकाले उनका छोरासहित बिगो मागदाबी गरिएको छ।

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

# आवास योजनामा अनियमितता : विपन्नको नाममा वितरण, लाभ धनीलाई!

बाराको कलैया अन्तर्गत सञ्चालित निधि आवास तथा मदन भण्डारी आवास योजना सम्बन्धी पछिल्लो प्रकरणले फेरि एकपटक सरकारी योजनाको विश्वसनीयतामाथि गम्भीर प्रश्न खडा गरेको छ। दलित, विपन्न र वास्तविक आवासविहीनका लागि लक्षित कार्यक्रम नै अनियमितता, कमिशन र पहुँचको खेलमा फस्नु दुःखद मात्र होइन, राज्यको दायित्वमाथि सीधा प्रहार हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले कार्यालय प्रमुख ओम कुमार साहमाथि छानबिन सुरु गर्नु सकारात्मक कदम अवश्य हो। तर, यस्ता छानबिनहरू प्रायः ढिलो सुरु हुने, लामो समय तन्किने र अन्ततः प्रभावकारी निष्कर्षमा नपुग्ने प्रवृत्तिले आम नागरिकमा निराशा पनि उत्तिकै गहिरो छ। त्यसैले यो प्रकरणमा छानबिन मात्रै होइन, परिणाममुखी कारबाही अपरिहार्य छ।

स्थानीय तहमा निर्माण भएका घरहरूको अवस्था–कमसल सामग्री, अधुरा संरचना, झ्याल-ढोका बिना र जोखिमयुक्त निर्माण–ले स्पष्ट देखाउँछ कि योजना कार्यान्वयनमा गम्भीर लापरवाही भएको छ। साढे छ लाख रुपैयाँ प्रति घर विनियोजन हुँदा पनि गुणस्तरहीन संरचना तयार हुनु भनेको बजेटको दुरुपयोग भएको संकेत हो। अझ चिन्ताजनक कुरा, पहुँच र कमिशनको भरमा धनी वा प्रभावशाली व्यक्तिलाई घर वितरण गरिएको आरोप हो। यसले सामाजिक न्यायको आधारभूत मर्ममै चोट पुऱ्याएको छ। करोडौं रुपैयाँ बराबरको रोक्का रकम हेरफेर गरिएको आशंका, बैंक कारोबारको छानबिन, र कर्मचारीबीचको मिलेमतोको संकेतले यो प्रकरण केवल सामान्य लापरवाही नभई संगठित अनियमितताको रूप लिनसक्ने देखाउँछ। यदि यस्तो हो भने, दोषीमाथि कडा कानुनी कारबाही नभएसम्म यस्ता विकृति दोहोरिनु असम्भव छैन। सरकारका यस्ता आवास योजना केवल संरचना निर्माणको कार्यक्रम होइनन्; ती सामाजिक समानता र न्यूनतम जीवनस्तर सुनिश्चित गर्ने आधार हुन्। त्यसैले यिनको कार्यान्वयनमा पारदर्शिता, अनुगमन र जनउत्तरदायित्व अनिवार्य सर्त हुनुपर्छ। अब प्रश्न केवल ओम कुमार साह वा एक कार्यालयको होइन–यो समग्र प्रणालीको परीक्षण हो। यदि दोषीलाई जोगाउने र फाइलमै सीमित राख्ने पुरानो अभ्यास दोहोरियो भने, 'विपन्नका लागि' भनिएका योजनाहरू सधैं पहुँचवालाको साधन बन्नेछन्। त्यसैले छानबिनलाई निष्पक्ष, छिटो र कठोर बनाउँदै वास्तविक पीडितलाई न्याय दिलाउनु नै राज्यको प्रमुख दायित्व हो।

# बजेट सुधारका कार्यसूची



प्रभावी नेताले आफ्ना जिल्लाका आयोजनामा बहुवर्षीय व्यवस्थापनको नाममा आउँदा वर्षको स्रोतमाथि धावा बोल्ने, रकमान्तर र कार्यक्रम संशोधन गरी दुर्गम क्षेत्रका विनियोजनलाई अन्यत्र सार्ने गर्दै आएका छन्। बहुवर्षीय खरिद व्यवस्था, रकमान्तर र कार्यक्रम संशोधनको औचित्य निर्धारण गर्ने विधि घोषणा गर्नु आवश्यक छ।



गोपीनाथ मैनाली

सामान्य अवस्थामा पनि बजेटमाथि सर्वसाधारणका थुप्रै अपेक्षा हुन्छन् तर अहिले केही विशेष अवस्थामा बजेट बन्दै छ। एकातिर जनताका आशा धेरै छन् भने अर्कातिर अवास्तविक र कार्यन्वयनयोग्य नहुने गरेको आरोप पनि बजेटले सामना गर्दै आएको छ। वास्तवमा बजेट आर्थिक वृद्धि, रोजागरी विस्तार, मूल्य स्थिरता, सामाजिक न्याय र शोधनान्तर सन्तुलनको संयन्त्र हो। विगतका तथ्य विश्लेषण गर्दा बजेट तर्जुमा प्रक्रिया र यसका सारभूत पक्षमा आमूल परिवर्तन नगरी बजेट आफ्नो अभीष्टमा सफल नहुने देखिन्छ। बजेटको आकार मात्र अवास्तविक भएका होइनन्, यसले सम्बोधन गर्नुपर्ने नीति, प्राथमिकता र वार्षिक विकासका कार्यक्रमले सम्बोधन गर्नुपर्ने कुरा पनि संवैधानिक आशय अनुरूप रहेका छैनन्। बजेट अर्थराजनीतिक संयन्त्र भए पनि यसको तयारी तथा कार्यान्वयन भने प्राविधिक हुने गर्छन्। बजेटमा समावेश भएका कार्यक्रमको उपलब्धि स्तर कमजोर रहँदै आएको छ भने नीतिहरू नतिजामा पुगेका छैनन्। समष्टिगत आर्थिक स्थिरताको लक्ष्यलाई बजेटले सम्बोधन गर्न सकेको छैन। परिणामतः बजेट नीति, न्याय, सम्बन्ध र अनुमानको वास्तविक संयन्त्र बन्नै नसकेकाले यसको तर्जुमा चरणमा आमूल सुधारको खाँचो छ। बजेटले सम्बोधन गर्नुपर्ने धेरै कुरामध्ये प्रमुख कुरालाई यहाँ उल्लेख गरिन्छ। पहिलो कुरा आगामी वर्षको बजेटले अर्को चरणको आर्थिक सुधारका लागि संरचनात्मक परिवर्तनको घोषणा गरी त्यसलाई अवलम्बन गर्ने आधार दिनु पर्छ। सात प्रतिशत आर्थिक वृद्धि गर्ने सरकारको अभीष्ट र सोह्रौं योजनाको लक्ष्यलाई पूरा गर्न पनि दोस्रो चरणको सुधार चाहिन्छ। पहिलो चरणको सुधार कार्यक्रम सञ्चालनको धेरै समय बित्यो। लोकतन्त्र स्थापनापछिको पहिलो निर्वाचित सरकारले ल्याएका सुधारका कार्यक्रमले निरन्तरता मात्र नपाएका होइनन्, भएका उपलब्धि पनि रक्षा हुन सकेनन्। नेपालभन्दा पछि उदारीकरणमा प्रवेश गरको भारतले सुधारको चौथो चरण पार गरिसकेको छ। सुधार कार्यक्रमको अभिन्न अङ्गका रूपमा अर्थतन्त्रको नेतृत्वदायी क्षेत्रको पहिचान आवश्यक छ। धेरै क्षेत्रलाई प्राथमिकतामा समेट्दा समृद्धिको खास क्षेत्रले महत्व पाउँदैन। नेपालको आर्थिक वृद्धिको नेतृत्वदायी क्षेत्र कृषि, ऊर्जा र पर्यटन हो। बजेटमार्फत त्यसलाई समर्थन गर्ने कार्यक्रम ल्याइनु पर्छ। खाद्य सुरक्षाको आधार कृषि हो। उपलब्ध भूमिको उत्पादनशील उपयोग गर्नाले यसको उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ। उच्च बहावका निरन्तर बगिरहने नदीका कारण जलविद्युत्ले समृद्धि दिन सक्छ। नेपालको घमाइलो मौसमका कारण सौर्य ऊर्जाको सम्भावना पनि प्रचुर छ। पर्यटनले समृद्धिलाई दिगो बनाउन यस कारण सक्छ कि नेपालको मूर्त/अमूर्त सम्पदा, संस्कृति, जैविक विविधता, भौगोलिक अवस्थिति र प्राकृतिक सौन्दर्यले पर्यटनका कारण लाभ लिन सकिने सम्भावना प्रचुर छ। सम्भावनाका यी तिनै क्षेत्रबाट लाभ लिन आक्रामक नीति कार्यक्रम चाहिन्छ। निजी क्षेत्रलाई विकासको इन्जिनका रूपमा परिचालन गरी उत्पादन र रोजगारीको स्पष्ट वित्तीय खाका ल्याइनु पर्छ। लगानीका लागि निजी क्षेत्र आश्वस्त छैन। चालु वर्ष र गत वर्षको बजेटबाट निजी क्षेत्र खुसी नै भएको थियो तर लगानी गर्न भने हच्के। राजनीतिक र प्रशासनिक व्यवहारले निजी क्षेत्रको मन जित्ने खालको छैन। सुशासन र स्वागत संस्कारको अभाव रहेको गुनासो निजी क्षेत्रको छ। साथै भूराजनीतिक सम्बन्धलाई नेपालले आफ्नो पक्षमा उपयोग गर्न सकेको छैन। आन्तरिक सुशासनका साथ छिमेकी देशसँगको व्यापारिक सम्बन्ध विकासलाई बजेटले वास्तविक रूपमा सम्बोधन गर्नु पर्छ। साथै नेपाली उत्पादन बाह्य बजारमा प्रवाह गर्न र उद्यमशीलता विकास गर्न विश्वका प्रतिष्ठित व्यापारिक सञ्जालसँग सहकार्य गर्ने खाका बजेटले दिन सके दोहोरो फाइदा लिन सकिने सम्भावना छ। बजेट सुधारको अर्को पक्ष बजेटको आकार हो। तर्जुमाका समयमा ठुलो आकारको आकाङ्क्षा राख्ने तर कार्यान्वयनका समयमा यसलाई अवास्तविक मानी आकार घटाउने प्रवृत्तिमा नेपालको बजेट प्रक्रिया अघि बढ्दै आएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा बजेटको आकार १,८६० अर्ब रुपियाँको थियो। यसलाई पनि मध्यावधि समीक्षामा करिब १६७ अर्ब रुपियाँ घटाइयो। कार्यान्वयनमा १,५२५ अर्ब रुपियाँ जति मात्र कायम गरियो। चालु आवमा १,९६४ अर्ब ११ करोड रुपियाँको बजेट आकारलाई मध्यावधि समीक्षामा १४.०४ प्रतिशतले घटाइएको छ। बजेट घटाइनुको अर्थ आम्दानी र खर्च दुवैतर्फको कमजोर अवस्था हो। उठाउन पर्ने राजस्व उठाउन नसक्दा वा खर्च गर्ने सामर्थ्य साँघुरो हुँदा बजेट अवास्तविक बन्ने गर्छ। यसले सम्बोधन गर्नुपर्ने नीति, दर्शन अवलम्बन नगर्दाको अवस्थामा बजेटलाई अवास्तविक भनिने गरिएको छैन। वास्तवमा नीति, कार्यक्रम, प्राप्ति तथा खर्च व्यवस्थापनका तिनै आयामबाट नेपालको बजेट अवास्तविक हुँदै आएको छ। स्रोत समिति आयामिक विश्लेषण गरेर बजेट आकार निर्धारणमा चुक्दै आएको छ। आगामी वर्षका लागि १,८९० अर्ब रुपियाँको स्रोत अनुमान गरिएको छ। गत वर्ष चालु आवका लागि त्यही समितिले १,९६४ अर्ब रुपियाँको सीमा निर्धारण गरेकोमा आगामी वर्षका लागि किन त्यति ठुलो रकम घटाइएको हो ? यसको आधार स्पष्ट छैन। फेरि सरकारी प्रतिवेदनमा नै छाया अर्थतन्त्रलाई समेट्न सके अरू चार/पाँच खर्ब रुपियाँ स्रोत बढ्न सक्ने पनि भनिएको छ। कठोर राजस्व प्रशासन अपनाइ राजस्वको स्रोत बढाउनुपर्ने होइन र ? के लेखा प्रणालीबाट प्राप्त आँकडालाई आधार मानेर मात्र बजेटको आकार निर्धारण गर्नु उपयुक्त हो र ? कम्तीमा यस्ता अनुत्तरित प्रश्नको जवाफ साथ आगामी वर्षको बजेट तर्जुमा हुनु पर्दछ। सरकारी विनियोजनलाई वर्ग, क्षेत्र, भूगोल र प्रदेशबिच सन्तुलन र न्यायपूर्ण बनाउन विनियोजनका सिद्धान्त निर्धारण गरी त्यसैका आधारमा रकम विनियोजन गर्ने परिपाटी अहिलेको आवश्यकता हो। विनियोजनमा न्याय, सन्तुलन र कुशलता नभएकाले विकासमा असमानता र असन्तुष्टि सिर्जना गरेको छ। त्यस्तै प्रभावी नेताले आफ्ना जिल्लाका आयोजनामा बहुवर्षीय व्यवस्थापनको नाममा आउँदा वर्षको स्रोतमाथि धावा बोल्ने, रकमान्तर र कार्यक्रम संशोधन गरी दुर्गम क्षेत्रका विनियोजनलाई अन्यत्र सार्ने गर्दै आएका छन्। बहुवर्षीय खरिद व्यवस्था, रकमान्तर र कार्यक्रम संशोधनको औचित्य निर्धारण गर्ने विधि घोषणा गर्नु अर्को आवश्यकता छ। वित्त नीतिका घोषणालाई कार्यान्वयन गर्न मौद्रिक नीतिबिचको सहकार्यको कायम गर्ने स्थिति बन्नु पर्छ। मौद्रिक र वित्त नीतिको वास्तविक अभीष्ट एकै भएको छैन। मौद्रिक नीति जारी गर्दा अर्थतन्त्रको करिब नौ खर्ब रुपियाँ परिचालन गर्ने सहकारी क्षेत्रलाई पनि निर्दिष्ट गर्ने दृष्टिकोण बजेटमार्फत राखिनु पर्छ। मौद्रिक नीतिले समग्र वित्त लगानीलाई निर्दिष्ट गर्न नसक्दा सहकारीले वित्तीय उच्छृङ्खलता निम्त्याएको छ। मुद्रा स्फिति उच्च भएकाले सर्वसाधारण र न्यून आयवर्ग/निश्चित आय वर्ग बाँच्न नसक्ने अवस्थामा छन्। मूल्य वृद्धि नियन्त्रण गर्न संयन्त्र घोषणा गरिनु पर्छ। बजारको फौवञ्जारीकारणले उपभोक्ता र उत्पादकबिच ठुलो खाडल बनाएको छ भने सरकारको नीति सामर्थ्य फितलो देखिएको छ। अन्तर्राष्ट्रिय आर्थिक उतारचढाव र सङ्कटबाट अर्थतन्त्रलाई कम प्रभावी बनाउन स्थानीय आर्थिक संरचना निर्माण र घरपरिवार तहदेखि उत्पादन गर्ने नीति कार्यक्रम घोषणा गर्नु पर्छ। साथै बाह्य नीति र घटनाक्रमबाट अर्थतन्त्रमा पर्ने प्रभावको आकलनका लागि अर्थ मन्त्रालय, केन्द्रीय मौद्रिक पदाधिकारीको समन्वयमा ज्ञान आधार निर्माण र परिचालनको सशक्त संयन्त्र चाहिन्छ। सरकारी प्राप्ति (राजस्व, अनुदान र ऋण) व्यवस्थापनमा दक्षता आवश्यक छ। राजस्व प्रशासनमा रहेको बेथिति हटाई व्यावसायिक सदाचारिचता कायम गर्न कठोर निगरानी जरुरी छ। यस खालको व्यवस्थाले मात्र राजस्व बढ्न सक्छ। अनुदान परिचालन स्तर प्रतिवर्ष घट्दै गएकाले दक्षता सुधार र प्रशोचन क्षमता विस्तार आवश्यक छ। ऋणको लागत बढी छ। आन्तरिक ऋणले बाह्य ऋणको परिमाणलाई उछिनेको छ। आन्तरिक ऋण उत्पादक क्षेत्रमा उपयोग भएको छैन। ऋणको भुक्तानी विनियोजन पुँजीगत विनियोजनभन्दा माथि छ। यसर्थ ऋण व्यवस्थामा दक्षता विकास आवश्यक छ। साथै सार्वजनिक ऋणको परिभाषा विस्तृत बनाई 'एक्स्ट्रा बजेटरी' निकायले लिएका ऋण, यस्ता संस्थालाई सरकार जमानीमा बसी दिलाएका ऋण र नकारात्मक बचत परिचालनलाई पनि समेट्नु उचित हुन्छ। सरकारी सम्पत्ति (सृजित सम्पत्तिसमेत) लाई व्यवस्थापन गर्न २०७७ साउनदेखि कार्यान्वयनमा ल्याइएको सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को पूर्ण आन्तरिकीकरण गर्ने व्यवस्था आवश्यक छ। अहिले प्रणाली त छ तर स्वचालित क्रियाशीलतामा लैजाने कार्य भएको छैन। सरकारी खर्चको आयतन र स्तर सुधार गर्न जिम्मेवार व्यक्ति जवाफदेही बनाउने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ का प्रावधानलाई कार्यान्वयन गरी लेखा उत्तरदायी र जिम्मेवार खर्च पदाधिकारीलाई थप जिम्मेवार बनाउने अठोट चाहिन्छ। कार्यसम्पादन सम्झौता र आवधिक समीक्षा एकदमै औपचारिक छन्। पुँजीगत खर्च साठी प्रतिशतको हाराहारीमा मात्र हुने गरेको छ। बजेट पेस भएपछि खरिद प्रक्रिया सुरु गर्नु पर्छ। नेपालको बजेट कार्यकारी प्रकृतिको भएकाले संसद्ले प्रस्तुत गरेकै ढाँचामा यसलाई अनुमोदन गरिदिन्छ। त्यसैले कार्यान्वयन तयारी आव सुरु हुनु अघि नै गर्न सकिन्छ। सरकारी सङ्गठन भद्दा बनेकाले सङ्गठन 'रिइन्जिनियरिङ' ढाँचा घोषणा गरी प्रतिवर्ष बजेट तर्जुमाको समयमा स्वचालित रूपमा सङ्गठन संरचना र कार्यभार विश्लेषण गर्ने खाका चाहिन्छ। तहगत सरकारको आयोजनागत दोहोरोपन नियमन गर्न 'प्रोजेक्ट एक्टिभिटी कोड' को व्यवस्था चाहिन्छ। घोषित वित्तीय नीति, बजेट तथा कार्यक्रमको अनुगमन प्रभावकारिता बढाउन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको क्रियाशीलता चाहिन्छ। सरकारी पदाधिकारी, 'एक्स्ट्रा बजेटरी निकाय,' सहकारी, सामुदायिक र गैरसरकारी संस्थाका व्यवहारलाई सार्वजनिक जीवनका मूल्य सिद्धान्त अनुरूप ल्याउन राष्ट्रिय सदाचार पद्धतिको घोषणा अति जरुरी छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## इरानको मिसाइल आक्रमणबाट कतारको ट्याङ्करमा क्षति

***दोहा, चैत १८ गते ।***

कतारको सरकारी स्वामित्वमा रहेको ऊर्जा कम्पनीको एक ट्याङ्करमा कतारको सामुद्रिक इलाकामा इरानी मिसाइलद्वारा प्रहार भएको छ ।

इरानबाट तीन वटा क्रुज क्षेप्यास्त्रा प्रक्षेपण गरिएको यसबाट कतारको एक इन्धन ट्याङ्करलाई निशाना बनाइएको कतारको रक्षा मन्त्रालयद्वारा जारी एक विज्ञप्तिमा उल्लेख छ ।वज्ञप्तिमा भनिएको छ, “सेनाले दुई वटा क्रुज क्षेप्यास्त्रलाई रोकेको छ भने तेस्रो क्षेप्यास्त्र कतारको जलक्षेत्रमा कतार इनर्जिनीलाई दिइएको तेल ट्याङ्करमा खसेको छ ।” चालक दलका २१ सदस्य रहेको उक्त ट्याङ्करलाई कुनै मानवीय क्षति नपु¥याउन सम्बन्धित अधिकारीहरूसँग समन्वय गरिएको रक्षा मन्त्रालयले जनाएको छ । इरानको रिभोलुसनरी गाड्र्सले कतारको स्वामित्वमा रहेको ट्याङ्कर एक्वा-१ लाई आक्रमण गरेको पुष्टि गरेको छ। गाड्र्सले सरकारी टेलिभिजनमार्फत् जारी एक विज्ञप्तिमा जहाज इजरायली भएको र निशाना बनाइएको जनाएको छ। फेब्रुअरीको अन्त्यदेखि सुरु भएको अमेरिका र इजरायली आक्रमणको जवाफमा खाडी मुलुकहरूले गत महिनादेखि इरानबाट बारम्बार ड्रोन




र क्षेप्यास्त्र आक्रमणको सामना गर्नुपरेको छ। इरानले तेलको धनी खाडी राष्ट्रहरूमा हाइड्रोकार्बन पूर्वाधारहरू र ढुवानीमा प्रयोग हुने जहाजलाई लक्षित गरेको छ । यी निशानाले प्रभावकारी रूपमा रणनीतिक ‘स्ट्रेट अफ हर्मुज’ बन्द गरेको छ । यो क्षेत्रबाट विश्वको करिब २० प्रतिशत इन्धन आपूर्ति हुन्छ । इन्धन ट्याङ्कर एक्वा-१ ले बुधबार बिहानै कतारको उत्तरी जलक्षेत्रमा क्षेप्यास्त्र आक्रमणमा जहाजमा सामान्य क्षति भएको तर यसबाट चालक दलका कुनै सदस्य घाइते नभएको पुष्टि गरेको छ ।

बेलायती सामुद्रिक सुरक्षा निकाय ‘यूके मेरिटाइम ट्रेड अपरेसन ९ युकेएमटीओ०’का अनुसार दोहाबाट १७ नटिकल माइल उत्तरमा सो दुर्घटना भएको हो । जहाजलाई विश्वको सबैभन्दा ठूलो तरलीकृत प्राकृतिक ग्यास ९एलएनजी० क्षेत्र रास लाफानको उत्तरमा दुई प्रोजेक्टाइलले लागेको थियो। “एउटा प्रोजेक्टाइलले लागेपछि आगो लागेको थियो तर यसलाई पछि निभाइएको थियो र अर्को ‘जहाजको इन्जिन कोठामा विस्फोट भएको छैन,” बेलायती सामुद्रिक सुरक्षा निकायले भनेको छ। निजी सुरक्षा फर्म एम्ब्रे र भ्यानगार्डले पनि ट्याङ्करको इन्जिन कोठामा विस्फोट नभएको बताएका छन् । यसबारे अधिकारीहरूले अनुसन्धान गरिरहेका छन्। यसअघि युकेएमटीओले ट्याङ्करलाई बन्दरगाहको छेउमा अज्ञात प्रोजेक्टाइलले ठक्कर दिएको र पानीको रेखामाथिको हलमा क्षति पुर्याएको बताएको थियो।

## अमेरिका र इजरायलको दबाबबिच इरान आक्रामक

***बेरुत, चैत १८ गते ।***

अमेरिका र इजरायलले व्यापक हवाई आक्रमण गरेपछि पनि इरान कमजोर नबनी अझै कडा प्रतिरोध गरिरहेको देखिएको छ । डोनाल्ड ट्रम्प नेतृत्वको प्रशासनले इरानको सैन्य क्षमता लगभग नष्ट भएको दाबी गरे पनि वास्तविकता फरक देखिएको छ ।

अमेरिकी रक्षामन्त्री पीट हेगसेथले इरानको सैन्य शक्ति छिटो निष्क्रिय बनाइएको बताउनुभएको थियो । तर एक महिनाभन्दा बढी समयसम्म जारी आक्रमणपछि पनि इरानले लगातार मिसाइल र ड्रोन आक्रमण गरिरहेको छ । इरानका मिसाइलले अझै इजरायलको आकाश प्रवेश गरी नागरिक क्षति पुऱ्याइरहेका छन् भने सस्तो ड्रोनले खाडी क्षेत्रका देशको सुरक्षा प्रणाली भेदिरहेका छन् ।

यसले क्षेत्रीय अस्थिरता बढाउनुका साथै विश्व अर्थतन्त्रमा पनि ठूलो प्रभाव पारेको छ। इरानले तेल र ग्यास ढुवानी हुने महत्वपूर्ण जलमार्ग ‘होर्मुज जलडमरू’ मा खतरा उत्पन्न गर्दै ऊर्जा मूल्य बढाएको छ । यसले अन्तर्राष्ट्रिय



बजारमा दबाब सिर्जना गरेको छ। यद्यपि, युद्ध सुरु भएको तुलनामा इरानले अहिले कम ब्यालिस्टिक मिसाइल प्रहार गरिरहेको देखिन्छ। तर विज्ञका अनुसार यो कमजोरी नभई रणनीति पनि हुन सक्छ- इरानले आफ्नो शक्ति दीर्घकालीन रूपमा प्रयोग गर्न बचत गरिरहेको हुन सक्छ ।

इरानले पछिल्लो समय कम उचाइमा उड्ने ड्रोनको प्रयोग बढाएको छ, जुन रोक्न कठिन हुन्छ । यसले अमेरिका र इजरायलका प्रतिरक्षा प्रणालीमा दबाब बढाएको छ । विशेषज्ञका अनुसार, इरानले अब आफ्नो आक्रमण रणनीति परिवर्तन गर्दै आर्थिक क्षति पुऱ्याउने लक्ष्यमा केन्द्रित भएको छ । तेल पाइपलाइन, पानी प्रशोधन केन्द्रजस्ता संवेदनशील संरचनामा आक्रमण गरी अमेरिका र उसका सहयोगी राष्ट्रलाई दबाब दिन खोजिएको छ ।

विश्लेषकको भनाइमा, यो असमान युद्धमा इरानको मुख्य उद्देश्य विश्व अर्थतन्त्रमा असर पार्दै अमेरिकालाई वार्तामा बाध्य बनाउनु हो । इरानसँग अझै हजारौं ड्रोन र केही मिसाइल क्षमता बाँकी रहेको अनुमान गरिएको छ, जसले देखाउँछ कि यो युद्ध अझै लम्बिन सक्ने सम्भावना रहेको छ ।

## आजदेखि ...

व्यवस्थाअनुसार एक महिनाभित्रै नतिजा प्रकाशन गर्ने लक्ष्य राखिएको छ।

परीक्षा सञ्चालनका लागि आवश्यक जनशक्ति, प्रश्नपत्र, उत्तरपुस्तिका र सुरक्षा व्यवस्थापन पूरा गरिएको बोर्डले जनाएको छ। परीक्षा मर्यादित बनाउन मोबाइल, स्मार्ट घडीजस्ता विद्युतीय उपकरण प्रयोगमा रोक लगाइएको छ भने विशेष अवस्थाका परीक्षार्थीलाई आवश्यक सहजीकरण गर्ने व्यवस्था गरिएको छ।

## रक्सौल ...

१३ वटा स्टेशन रहने छन् जसमा वीरगञ्ज र चन्द्रपुर जस्ता प्रमुख स्टेशनहरू पनि छन्। यी स्टेशनहरूले स्थानीय बासिन्दा र व्यापारलाई ठूलो सहयोग गर्ने अपेक्षा छ।

यो रेल परियोजना पर्यटन र व्यापार दुवै क्षेत्रमा ठूलो योगदान पुऱ्याउने छ। मालसामान ढुवानी छिटो र सस्तो हुने हुँदा वस्तुहरूको मूल्य घट्ने र दुई देशबीचको आर्थिक क्रियाकलाप बढ्ने अनुमान गरिएको छ। भविष्यमा दिल्ली-काठमाडौँ सिधा रेल कनेक्टिभिटीका लागि पनि आधार तयार पार्न सक्ने सम्भावना छ।

रक्सौल-काठमाडौँ ब्रोडगेज रेल परियोजना भारत-नेपालबीचको आर्थिक, सामाजिक र सांस्कृतिक सम्बन्धलाई अझ बलियो बनाउने महत्त्वपूर्ण कदम मानिन्छ। नेपाल सरकारले डीपीआर स्वीकृत गरेसँगै निर्माण कार्य अघि बढ्नेछ र दुवै देशका लागि यो ऐतिहासिक परियोजना बन्ने अपेक्षा गरिएको छ।

## पर्सा...

आयोगले निम्नानुसार बिगो मागदाबी गरेको छः

हरिनारायण मिश्रः ३८ लाख ८० हजार ३६८ रुपैयाँ, भूप बहादुर बोगटीः १ करोड १० लाख ६० हजार ५२४ रुपैयाँ, पदम प्रसाद अर्यालः २१ लाख ३८ हजार १६९ रुपैयाँ, सुरेन्द्र प्रसाद राव कुर्मीः ९९ लाख १० हजार ५१५ रुपैयाँ किरण प्रसाद उपाध्यायका छोराहरूः २ करोड ९३ लाख ६८ हजार ५६५ रुपैयाँ

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार, दोषी ठहर भएमा सबैको सम्पत्ति जफत गरिनेछ र कानूनी कारबाही अघि बढाइनेछ। यस प्रकरणले सरकारी कार्यालयमा पारदर्शिता र जवाफदेहिता कायम राख्न आवश्यक देखाएको छ।

विशेष अदालतले आयोगको निवेदन अनुसार अब दोषी ठहर भएमा कडा कारबाही अघि बढाउने निर्णय गर्नेछ।

## सांसद...

चिकित्सकको व्यवस्था र आपतकालीन सेवाको सुदृढीकरणको माग गरिएको छ। सांसदले प्रहरी प्रशासनमा उजुरी दर्ता र कानुनी प्रक्रिया कडाइका साथ लागू गर्न, भन्सार कार्यालय सञ्चालनमा ल्याउन, सडक र पुलहरूको निर्माण तथा मर्मत, पूर्व-पश्चिम रेलमार्ग विस्तार र स्थानीय रेल सञ्जाल निर्माण, सिंचाइ र खानेपानी सुविधा सुनिश्चित गर्न आग्रह गरेका छन्। मलखादको नियमित आपूर्ति र कालोबजारी नियन्त्रणको माग समेत पत्रमा राखिएको छ।

त्यसैगरी, गढीमाई मन्दिरलाई संरक्षण र पर्यटन प्रवर्द्धन गर्दै स्थानीय रोजगारी सिर्जना गर्न, साथै ऐलानी जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न सांसद सिंहले शीघ्र पहल गर्न प्रधानमन्त्रीसँग अनुरोध गरेका छन्। प्रधानमन्त्री कार्यालयले पत्र प्राप्त गरेको पुष्टि गरेको छ र सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिइएको छ।

## निजगढमा...

वीरगञ्जस्थित एलएस न्यूरो अस्पताल तथा कलैयास्थित प्रादेशिक अस्पताल पुऱ्याएका थिए। तर, उपचारको क्रममा दुवै जनालाई चिकित्सकले मृत घोषणा गरेका प्रहरीले जनाएको छ। दुर्घटनापछि केही समय उक्त सडक खण्डमा सवारी आवागमन प्रभावित भएको थियो भने प्रहरीले दुवै सवारी साधन नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ। साथै, पछिल्लो समय उक्त सडक खण्डमा तीव्र गति र लापरवाहीका कारण दुर्घटना बढ्दै गएको भन्दै ट्राफिक सचेतनाको आवश्यकता औंल्याइएको छ।।

## भूमिहीन र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने प्रक्रिया सुरु, ११ लाख ५२ हजार परिवार सूचीकृत



***काठमाण्डौं, १८ चैत ।***

सरकारले भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्न भूमि समस्या समाधान आयोग मार्फत चरणबद्ध प्रक्रिया अघि बढाएको छ। आयोगको विवरण अनुसार हालसम्म ११ लाख ५२ हजार ८७० परिवारलाई तथ्याङ्कमा सूचीकृत गरिएको छ।

सरकारले गुठी जग्गाको अभिलेख अद्यावधिक, नक्साङ्कन तथा न्क्ष्क आधारित डिजिटल डाटाबेस तयार गरी पहिचान भएका वास्तविक सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने वा घना शहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवास मार्फत पुनर्वास गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकारसँग सहकार्य गर्दै भू-सम्बन्धी वस्तुस्थिति र परिवेशको मूल्याङ्कन गरी तथ्यांक संकलन, प्रविष्टि, प्रमाणीकरण र हस्तान्तरण गरिनेछ।

प्रमाणीकरण गरिएका तथ्यांकको आधारमा नाप-नक्सा काम शुरु हुन्छ र त्यसको जाँचबुझ पछि प्रतिवेदन तयार गरिने व्यवस्था छ। त्यसपछि सूचना प्रकाशन, दस्तुर संकलन, स्थानीय तहको सिफारिस, विवरण सार्वजनिक तथा हकदावी प्रक्रिया पुरा भएपछि जिल्ला समितिले निर्णय गरी भूमि समस्या समाधान आयोगलाई पठाउने प्रावधान छ। आयोगले प्रमाणित जग्गाधनी प्रमाण-पूर्जा उपलब्ध गराउनेछ।

भूमि अधिकारकर्मी जगत देउजाले सरकारले अहिलेसम्म संकलित आंकडालाई आधार बनाएर प्रमाणीकरण गर्नु व्यवहारिक रहेको बताएका छन्। उनले भने, “देशभरि डाटा जिरोबाट संकलन गर्दा समय लाग्छ। हालसम्म संकलित डाटालाई आधार बनाएर काम गर्दा निर्धारित मितिभित्र लक्ष्य हासिल गर्न सकिन्छ। आवश्यक परे छानबिन गरेर निर्णय गर्नु उचित छ।”

यो प्रक्रिया सफलतापूर्वक अघि बढेमा हजारौं भूमिहीन, दलित र सुकुम्बासी परिवारलाई कानुनी जग्गा अधिकार उपलब्ध हुने र शहरी पुनर्वासमा दीर्घकालीन सुधार ल्याउने अपेक्षा गरिएको छ।

जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”

“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”

वीरगंज महानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”

“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”

महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”

“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”

करैयामाई गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।

# सांसद चन्दन सिंहद्वारा प्रधानमन्त्री बालेन शाहलाई क्षेत्रका समस्यबारे ध्यानाकर्षण

*बारा, १८ चैत ।*

बारा निर्वाचन क्षेत्र नं. २ बाट नवनिर्वाचित संघीय सांसद चन्दन कुमार सिंहले प्रधानमन्त्री बालेन शाहलाई आफ्नो निर्वाचन क्षेत्र र आसपासका जिल्लाका प्रमुख समस्याहरू समाधानका लागि ध्यानाकर्षण पत्र बुझाएका छन्।

सांसद सिंहले पत्रमा शिक्षा, स्वास्थ्य, सडक, प्रहरी प्रशासन, सिंचाइ, खानेपानी, मलखाद आपूर्ति, भन्सार सञ्चालन, गढीमाई मन्दिर संरक्षण र स्थानीय जग्गा दर्ता जस्ता क्षेत्रका समस्याहरू उठाएका छन्।





शिक्षा क्षेत्रमा गुणस्तरीय विद्यालय र बहु-सीप प्राविधिक शिक्षालय स्थापना, ठाकुरराम क्याम्पसको स्तरोन्नति तथा स्थानीय युवालाई रोजगारमुखी बनाउने पहल आवश्यक रहेको पत्रमा उल्लेख गरिएको छ। स्वास्थ्य क्षेत्रमा एब्रष्ट अस्पतालको पूर्ण सञ्चालन, प्रादेशिक अस्पतालमा विशेषज्ञ

बाँकी तेस्रो पृष्ठमा

# शैक्षिक संस्थामा दुई दिन बिदाको हल्ला "फेक", मन्त्रालयको कारबाही चेतावनी

*काठमाडौं, १८ चैत ।*

शैक्षिक संस्थामा हप्ताको दुई दिन बिदा दिने निर्णय भएको भन्दै सामाजिक सञ्जालमा फैलिएको सूचना पूर्णतः भ्रामक रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ले स्पष्ट पारेको छ।




मन्त्रालयका अनुसार आफ्नो आधिकारिक लेटरहेड, छाप र हस्ताक्षरको दुरुपयोग गरी तयार पारिएको उक्त सूचना 'फेक' भएको हो। 'अप्रिल फूल' को बहानामा वा अन्य नियतले फैलाइएको उक्त सूचनाले विद्यार्थी, अभिभावक र शैक्षिक संस्थामा अन्योल सिर्जना गरेपछि मन्त्रालयले औपचारिक विज्ञप्तिमार्फत यसको खण्डन गरेको जनाएको छ।

मन्त्रालयले हाल नेपालमा शैक्षिक संस्थामा शनिवार बाहेक अतिरिक्त बिदा दिने कुनै निर्णय नभएको स्पष्ट गर्दै सामाजिक सञ्जालमा फैलिएको सूचनामा विश्वास नगर्न सबैलाई आग्रह गरेको छ।

यसैबीच, मन्त्रालयले सरकारी कागजात किर्ते गर्ने, छाप-हस्ताक्षर दुरुपयोग गर्ने तथा भ्रामक सूचना फैलाउने व्यक्तिहरूको पहिचान गरी प्रचलित कानुन अनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ।

सरकारले यस्ता गतिविधिले सार्वजनिक विश्वासमा आँच पुऱ्याउने र अनावश्यक भ्रम फैलाउने भएकाले जिम्मेवार भएर सूचना सम्प्रेषण गर्न समेत आग्रह गरेको छ।

# मधेशी दलहरूमा नेतृत्व हस्तान्तरण र एकताको प्रयास जारी



काठमाडौं, १८ चैत्र –

पार्टीलाई नयाँ ढंगले अघि बढाउने विषयमा छलफल चलिरहेको छ। पूर्वमन्त्री समेत रहेका नेता त्रिपाठीले अनलाइनखबरसँग भने, 'पुराना नेताहरू संरक्षक वा सल्लाहकारको भूमिकामा बसेर नयाँ पुस्ताको नेतृत्व ल्याउँछौं।'

उनीहरूका अनुसार, युवा पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने विषयमा एक किसिमको सहमति भएपनि कसलाई नेता बनाउने भन्ने विषय अझै टुंगिनसकेको छ। राजनीतिक विश्लेषकहरूले यसलाई दलभित्रको नेतृत्व संरचनामा परिवर्तनको संकेतको रूपमा लिएका छन्।

राजनीतिक सफलताका दृष्टान्त हेर्दा, राजपाले अघिल्लो निर्वाचनमा १४ नगरपालिका र ११ गाउँपालिका प्रमुख जितेको थियो। त्यही वर्षको आम निर्वाचनमा राष्ट्रिय दलको दर्जा प्राप्त गर्दै समानुपातिक तर्फ ४ लाख ७२ हजार २५४ मत ल्याएको थियो। तर प्रत्यक्ष मतबाट मात्र ११ सिटमा विजयी भएको थियो।

मधेशको मुद्दामा प्रमुखता दिएर गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना पार्टी स्थापना गरेका थिए। २०६४ पछि मधेशी जनअधिकार फोरम र तराई मधेश लोकतान्त्रिक पार्टीले बलशाली मधेशवादी दलको रूपमा आफ्नो उपस्थिति देखाए। तर २०८२ सम्म आइपुग्दा कुनै पनि मधेशवादी दलले तीन प्रतिशतभन्दा बढी मत ल्याउन सकेको छैन।

यस सन्दर्भमा जसपा नेपालका संरक्षक तथा राष्ट्रिय सभा सदस्य महन्थ ठाकुरका अनुसार मधेशी मोर्चाको बैठकमा अनौपचारिक छलफल जारी छ। जसपा नेपालका नेता मनीषकुमार सुमनले पनि स्थानीय नेता तथा कार्यकर्ताबाट दलहरूबीच एकताको दबाब आएको पुष्टि गरे। उनले भने, 'चुनावभन्दा पहिले पनि हामीले केही दलसँग एकता गरिसकेका छौं। निर्वाचनको समीक्षा गरेर थप दलसँग पनि एकताको पहल गर्छौं।'

विश्लेषकहरूका अनुसार मधेशी दलहरूबीच एकता नआएसम्म क्षेत्रीय राजनीति कमजोर रहन सक्ने जोखिम छ। तर नेतृत्व हस्तान्तरण र एकताको प्रक्रिया पूरा भएपछि आगामी चुनावमा मधेशी राजनीति थप संगठित र प्रभावकारी बन्ने अपेक्षा गरिएको छ।

# निजगढमा दुई मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु

*नजगढ । १८ चैत्र,*

बाराको निजगढमा बुधबार दिउँसो भएको भिषण सवारी दुर्घटनामा दुई युवकको ज्यान गएको छ। पूर्व-पश्चिम राजमार्ग अन्तर्गतको सडक खण्डमा दुई मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ।



ईलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक जीवन लामिछानेका अनुसार सर्लाहीबाट काठमाडौंतर्फ जाँदै गरेको बागमती प्रदेश ०२-०४२प ९८२४ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आइरहेको बागमती प्रदेश ०३-००४प ३६६१ नम्बरको मोटरसाइकल आपसमा ठोक्किएका थिए। उच्च गति र असावधानीका कारण दुर्घटना भएको प्रारम्भिक अनुमान गरिएको छ।

दुर्घटनामा सर्लाहीको लालबन्दी नगरपालिका-७ का २२ वर्षीय वैभव ढुंगाना र निजगढ नगरपालिका-६ धियालटोलका २३ वर्षीय सुरेश श्रेष्ठ गम्भीर घाइते भएका थिए। स्थानीय र प्रहरीले तत्काल उद्धार गरी उनीहरूलाई उपचारका लागि

बाँकी तेस्रो पृष्ठमा

# एमाले संसदीय दलको नेतामा रामबहादुर थापा बादल निर्वाचित



*काठमाडौं, १८ चैत्र –*

नेकपा एमालेको संसदीय दलको नेतामा बुधबार रामबहादुर थापा बादल निर्वाचित भएका छन्। दलको केन्द्रीय कार्यालय च्यासलमा आयोजित निर्वाचनमा थापा बादलको उम्मेदवारी स्वीकृत भएपछि उनी दलको आधिकारिक नेता चयन भएका हुन्।

निर्वाचन समितिका संयोजक नीरज आचार्यका अनुसार, सुहाङ नेम्वाङले आफ्नी उम्मेदवारी फिर्ता लिएपछि बादल निर्विरोध रूपमा दलको नेता बनेका हुन्। यसअघि इलाम-२ बाट निर्वाचित युवा सांसद नेम्वाङले पनि संसदीय दलको नेताको दाबी गरेका थिए। तर उम्मेदवार फिर्ता भएपछि प्रक्रिया सहज र व्यवस्थित ढंगले सम्पन्न भएको हो। विस्तृत विवरणअनुसार, यस निर्वाचनमा एमालेले हालसम्म जम्मा २५ सिट जितेको छ। संसदीय दलको नेतृत्व चयन भएपछि दलको आन्तरिक समन्वय र रणनीतिक योजना तयार गर्ने प्रक्रिया सुरु हुनेछ। संसदीय दलको नेतृत्वमा थापा बादलको चयनले आगामी राष्ट्रिय राजनीति र आगामी बैठक तथा निर्णय प्रक्रियामा महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ। थापा बादलको नेतृत्वमा संसदीय दलले आगामी समयमा संघीय संसदमा आफ्नो रणनीति मजबुत बनाउने र पार्टी एकतालाई प्राथमिकतामा राख्ने जनाएको छ। यससँगै दलभित्रको भित्री सहमति र प्रतिनिधित्वको सन्तुलन कायम राख्ने कार्यमा पनि जोड दिइने छ।

# नारायणगढ-मुग्लिन सडकमा बस-तेल ट्याङ्कर ठोक्किँदा १३ जना घाइते

*नारायणगढ,१८ चैत ।*

नारायणगढ-मुग्लिन सडकखण्ड अन्तर्गत भरतपुर महानगरपालिका-२९ दासढुंगामा यात्रुबाहक बसले रोकिराखेको तेल ट्याङ्करलाई ठक्कर दिएको दुर्घटनामा १३ जना यात्रु घाइते भएका छन्।



प्रहरीका अनुसार वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको ना ६ ख ७०३६ नम्बरको बस सडक किनारमा रोकिराखिएको ना ४ ख २५०३ नम्बरको तेल ट्याङ्करलाई ठक्कर दिँदा दुर्घटना भएको हो।

घटनास्थलमा पुगेको प्रहरी टोलीले तत्काल घाइतेहरूको उद्धार कार्य सुरु गरेको थियो। घाइतेहरूलाई भरतपुरस्थित नेशनल सिटी अस्पतालमा उपचारका लागि लगिएको थियो। अस्पताल स्रोतका अनुसार, घाइतेमध्ये अधिकांशको अवस्था सामान्य छ भने केहीको अवस्था मध्यम र दुई जनाको अवस्था गम्भीर रहेको छ।

इलाका प्रहरी कार्यालय मुग्लिनका प्रहरी निरीक्षक प्रतिक सिंहले घटनापछि बस र ट्याङ्कर दुबै चालक फरार रहेको बताएका छन्। प्रहरीले उनीहरूको खोजी कार्य जारी राख्दै घटनाबारे थप अनुसन्धान गरिरहेको छ।

स्थानीय स्रोतका अनुसार दुर्घटना भएको सडक खण्डमा दुर्घटना बारम्बार हुने गरेको छ। त्यहाँ पर्याप्त सडक सुरक्षा र चेतावनी संकेतहरूको अभाव रहेको बताइएको छ। दुर्घटनापछि यात्रुहरू र स्थानीयबासिन्दा त्रसित भएका थिए।

यो दुर्घटनाले यात्रु सुरक्षा र सडक व्यवस्थापन सुधारको आवश्यकतालाई पुनः उजागर गरेको छ। प्रहरीले सडकमा रोकिएका भारी सवारी साधनहरू र यात्रुबाहक वाहनबीचको दूरी र सुरक्षा मापदण्ड पालनामा ध्यान दिन स्थानीय प्रशासनलाई निर्देशन दिएको छ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।